# बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

प्रदेश सरकार

प्रदेश नं. ३

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

## बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तवनाः** प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था भएकोले व्यवसायीक बाख्रापालनको माध्यमबाट यस पेशालाई मर्यादित बनाउन, खसी/बोकाको मासु आयात कम गर्न र बाख्रा प्रवर्द्धन कार्यक्रमलाई सहज, सरल, प्रभावकारी रुपमा सञ्चालन गर्न मन्त्रिपरिषदबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाख्रा प्रवर्द्धन कार्यक्रम कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"कार्यविधि"** भन्नाले बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको बाख्रा प्रवर्द्धन कार्यक्रम सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) **"कार्ययोजना"** भन्नाले पशु उत्पादन वृद्धि गर्न बाख्रापालन कार्यक्रम सञ्चालनको लागि तयार गरिएको प्रस्तावित परियोजना सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समित"** भन्नाले दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) **"साझेदार संस्था"** भन्नाले बाख्रा पालक कृषक समूह सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) नेपालमा बाहिरी मुलुकबाट आयात गरिने बोका बाख्राको संख्या कम गराउने,

(ख) मासुको आयात न्यूनिकरण गर्ने,

(ग) बाख्रापालन पेशालाई मर्यादित र व्यवसायिक बनाउने ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारिस गर्न कार्यालयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहने छ ।

(२) मूल्याङ्कन समितिमा मन्त्रालयको एक जना विज्ञ अधिकृत प्रतिनिधि अनिवार्य राख्नु पर्नेछ।

(३) प्रचलित कानुनमा व्यवस्था भए बमोजिम अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतीका लागि कार्यलयमा पेश गर्ने,

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतीका लागि कार्यलयमा पेश गर्ने ।

५. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, दफा ४ बमोजिमको समिति, निर्देशनालय र भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले आवश्कता अनुसार गर्नेछ ।सोको प्रतिवेदन कार्यालय, निर्देशनालय र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) यस कार्यक्रमको अनुगमन सम्बन्धित प्रदेश सभा सदस्य र जिल्ला समन्वय समितिले समेत गर्न सक्नेछ ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम संचालनः** भौगोलिक उपयुक्ततालाई आधार मानि मन्त्रालयले छनौट गरेको आठ जिल्लामा बाख्रापालक कृषक समूहसँगको लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ । ५४समूहमा १० देखि २० जना सदस्य हुनु पर्नेछ । साझेदार संस्थाले कम्तिमा पचहत्तर माउ बाख्रा सामूहिक रुपमा पालेको हुनु पर्नेछ । साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

७. **प्रस्ताव आह्वानः** कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाबाट प्रस्ताव पेश गर्न पन्ध्र दिनको समय अवधी दिई स्थानीय/राष्ट्रिय पत्र-पत्रिकामा अनुसूची-१ बमोजिम मन्त्रालयले सूचना प्रकाशन गर्नेछ ।

८. **प्रस्ताव दर्ताः** बाख्रा प्रवर्द्धन कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची-२ बमोजिमको आवेदन साथ अनुसूची-३ बमोजिम कार्ययोजना तयार गरी कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

९. **साझेदार संस्थाको छनौटः** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-४ बमोजिम मूल्याङ्कन गरी साझेदार संस्थाले प्राप्त गरेको प्राप्ताङ्कलाई सिलसिलेवार क्रममा कम्पाईल गरी स्वीकृतका लागि कार्यालयमा पेश गर्नेछ । प्राप्ताङ्क तथा कार्ययोजनाका आधारमा कार्यालयले साझेदार संस्थाको छनौट गर्नेछ ।

१०. **प्रस्तावकलाई जानकारीः** साझेदार संस्था छनौटको निर्णय भए लगत्तै साझेदार संस्थालाई कार्यालयले जानकारी दिनु पर्नेछ ।

११. **सम्झौताः** (१) जानकारी दिएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित साझेदार संस्थाले कार्यालयसंग अनुसूची-५ बमोजिम सम्झाता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय अवधी भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिने छ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) दफा ७ बमोजिम प्रस्ताव आह्वान गर्दा प्रस्ताव नपरेमा वा एक मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा मन्त्रालयले पुनः प्रस्ताव आह्वान गर्नेछ ।

## परिच्छेद -४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. अनुदान रकमको तीन प्रतिशत कन्टेन्जेन्सी स्वरुप कट्टा गरिने छ । कार्यालयले उक्त रकम भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ ।

१३. साझेदार संस्थाले प्राप्त गर्ने अनुदान र स्वलगानीको विवरणः (रकम रु. हजारमा)

| सि.नं. | कार्यक्रम विवरण | अनुदान | स्वलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | खोर निर्माण(पचहत्तर माउ बाखा पालन गर्न) | ११००। | ३३०। | १४३०। | |
| २. | बाखा खरिद(पचहत्तर माउ बाखा) | ७५०। | २२५। | ९७५। | |
| ३ | घाँस खेती ब्यावस्थापन | २००। | ६०। | २६०। | |
| ४ | पानी भण्डारण टयाङ्की | १००। | ३०। | १३०। | |
| | जम्मा | २१५०। | ६४५। | २७९५। | |

१४. कार्यालयबाट सञ्चालन हुने कार्यक्रमः (रकम रु. हजारमा)

| सि.नं. | क्रियाकलापहरु | रकम |
|---|---|---|
| १ | औषधि, (खोप,परिजिवी नियन्त्रण) | १००। |
| २ | तालिम(२५ जना) | ३००। |
| ३ | अनुगमन | १००। |
| ४ | वोयर बोका तिनवटा पचास प्रतिशत क्रस | १५०। |
| ५ | डिपिङ टयाङ्की, तौलने मेशिन | २००। |
| | जम्मा | ८५०। |

१५. अनुदान रकम प्राप्त गर्ने साझेदार संस्थाले मापदण्ड अनुसारको खोर निर्माण तथा बाखा खरिद आदिको बिल/भर्पाई कार्यालयमा पेश गर्नु पर्नेछ । कार्यालयले बढिमा दुई किस्ता गरी साझेदार संस्थाको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

१६. यस कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

१७. <u>प्रगति पठाउने प्रकृया:</u> (१) बाखा प्रवर्द्धन कार्यक्रमको अनुदान प्राप्त गर्ने साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी कार्यालयले निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

१८. <u>विशेष प्राथमिकता:</u> (१) पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने छ ।

(२) भौतिक पूर्वाधार र बजारको व्यवस्था भएको स्थानलाई प्राथमिकता दिईने छ ।

(३) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

१९. <u>कारबाहीको व्यवस्था:</u> (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यालयले अनुदान रोक्का गर्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता संस्थाबाट दश प्रतिशत जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

२०. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अड्चन मन्त्रालयले फुकाउन सक्नेछ।

२१. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची-१

(दफा ७ संग सम्बन्धित)

**बाख्रापालन कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ..........

आर्थिक वर्ष .... ..... ..... को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार बाख्रापालन कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूहबाट लागत साझेदारी गर्न दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन र प्रस्तावित कार्ययोजना सहित सम्बन्धित कार्यालयमा दरखास्त दिनु हुन सूचित गरिन्छ । आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न साथै थप जानकारीको लागि मन्त्रालय, निर्देशनालय वा कार्यालयमा सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-२ अनुसारको आवेदन फाराम,
२. अनुसूची-३ अनुसारको समुहको कार्ययोजना,
३. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक, योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपीहरु,
४. कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो,
५. समूहले सामूहिक रुपमा बाख्रापालन गर्ने निर्णयको प्रतिलिपी ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-२
### (दफा ८ संग सम्बन्धित)
### आवेदन-पत्र

मितिः.........................

श्रीमान कार्यालय प्रमुखज्यू,
भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ..............

**विषय :** अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

प्रस्तुत विषयमा मिति .............. गते ................ पत्रिकामा प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम बाख्रापालन कार्यक्रममा सहभागी हुने चाहना भएकोले निम्नानुसार कागजात राखी संयुक्त निवेदन पेश गरिन्छ । अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिलः**

१। अनुसूची-२ अनुसारको आवेदन फाराम,
२। अनुसूची-३ अनुसारको समुहको कार्ययोजना,
३। अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक, योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदि) को प्रतिलिपीहरु,
४। कार्यक्रम कार्यान्वयन गर्ने स्थलको फोटो,
५। समूहले सामूहिक रुपमा बाख्रापालन गर्ने निर्णयको प्रतिलिपी ।

**अध्यक्षः**
नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# अनुसूची-३
(दफा ८ संग सम्बन्धित)

## समूहको कार्ययोजना विवरण

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. बाख्रापालन व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरणः

६. साझेदारीमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः (रकम रु. हजारमा)

| सि.नं. | कार्यक्रम विवरण | अनुदान | स्वलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | खोर निर्माण(पचहत्तर माउ बाख्रा पालन गर्न) | | | | |
| २. | बाख्रा खरिद(पचहत्तर माउ बाख्रा) | | | | |
| ३ | घाँस खेती ब्यावस्थापन | | | | |
| ४ | पानी भण्डारण टयाङ्की | | | | |
| | जम्मा | | | | |

७. साझेदारीमा बाख्रा प्रवर्द्ध गर्ने समूहले न्यूनतम अनुदान रकम र स्व-लगानी रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नु पर्नेछ ।

८. उत्पादित वस्तुको बजार योजनाः

९. अक्षेपित वार्षिक प्रतिफलः

**आवेदन पेश गर्ने साझेदारकोः**

समूहको नामः ...................... सम्पर्क नम्बरः ..........

ठेगानाः जिल्ला ... ... ... गाउँपालिका/नगरपालिका ... ... ... वडा नं. ...... गाउँ/टोल ... ...

बाख्रापालन गरिने स्थानः

समूहको तर्फबाट सही गर्नेकोः

औंठा/संस्थाको छापः

नामः

पदः

दस्तखतः

मितिः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## अनुसूची-४

(दफा ९ सँग सम्बन्धित)

### बाखापालन कार्यक्रम सञ्चालनका लागि समूह छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क्र.सं. | द.नं. | आवेदक कृषक समूहको नाम | ठेगाना | कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता /उपयुक्तता (२५) | अनुभव / तालिम (१०) | आफैले बाखाहरु संकलन गरी हुर्काई रहेको संख्या (१०) | भौगोलिक उपयुक्तता (५) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (२५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**अनुसूची-५**
**(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)**
**सम्झौता-पत्र**

आर्थिक वर्ष ... ... ... मा सञ्चालन हुने बाख्रापालन कार्यक्रमको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ... ... ... (यसभन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक समूह ... ... ... ... ... (यसभन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले दोश्रो पक्षलाई बाख्रापालन कार्यक्रम सञ्चालनका लागि बढीमा दुई किस्तामा अनुदान रकम बैंक खातामा जम्मा गरी उपलब्ध गराउने छ । अनुदान रकम प्राप्त गर्न दोश्रो पक्षले अनिवार्य रुपमा बिल/भर्पाई पेश गर्नु पर्नेछ ।
२. प्रथम किस्ता वापतको अनुदान रकम दोश्रो पक्षले सम्पूर्ण कार्यको पचास प्रतिशत कार्य सम्पन्न गरे पश्चात बैंक खातामा जम्मा गरी दिनु पर्नेछ । दोश्रो किस्ता वापतको रकम कार्य सम्पन्न पश्चात प्रथम पक्षले दोश्रो पक्षको बैंक खातामा जम्मा गरी दिनु पर्नेछ ।
३. दोश्रो पक्षले प्रथम पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको कार्यक्रम सञ्चालन गर्नेछ ।
४. दोश्रो पक्षले नियमित रुपमा कार्यक्रम सञ्चालन गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ।
५. दोश्रो पक्षले आफ्नो बाख्राको बिमा अनिवार्य गर्नु पर्नेछ ।
६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।
७. यस सम्झौतामा उल्लेख हुन छुटेका व्यहोरा प्रचलित ऐन/नियम बमोजिम हुनेछ ।

**प्रथम पक्षः**
कार्यालयको तर्फबाटः
नामः
पदः
दस्तखतः
मितिः
सम्पर्क फोन नं.
कार्यालयको छापः

**दोश्रो पक्षः**
साझेदार संस्थाको तर्फबाटः
नामः
पदः
दस्तखतः
मितिः
सम्पर्क फोन नं.
संस्थाको छापः

औंठाको छापः
दायाँ बायाँ